## मिति २०८०।१०।१४ गतेको ३४औं कार्यपालिका बैठक प्रस्तावहरु

१. गत बैठकको समीक्षा सम्बन्धमा ।
२. गाउँ सभाको मिति तोकिएको सम्बन्धमा ।
३. बिदा स्वीकृत सम्बन्धमा ।
४. ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा बिक्री वितरणको लागि ठेक्का बन्दोबस्त सम्बन्धमा ।

निर्णयहरु:

**निर्णय नं १.** प्रस्ताव नं १ माथि छलफल गर्दा आ.व. ०८०/८१ बाट सञ्चालन भएका सबै बैठकहरूको विषयमा छलफल भयो । सो सम्बन्धमा निर्णय भई कार्यान्वयन हुन बाँकी कामहरूलाई शिघ्र कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं २.** प्रस्ताव नं २ माथि छलफल गर्दा मिति २०८०/०९/२९ गते १७औं गाउँसभाको बैठक गरिने भनेकोमा यस मंगला गाउँपालिकाका उपाध्यक्ष श्री प्रेम कुमारी खत्री एवम् मंगला गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष श्री भूपेन्द्र खत्री क्षेत्रीको ममतामयी माता वडा नं. ५ पाँखु निवासी रेवती खत्री क्षेत्रीको मिति २०८०/०९/२४ गतेका दिन ७७ वर्षको उमेरमा असमायिक निधन भएको स्थगित गरिएकोमा मंगला गाउँपालिकाको १७ औं गाउँसभा मिति २०८०/११/०४ गते शुक्रबारको दिन बिहान ११ बजे मगर संघ हल बाबियाचौरमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३.** प्रस्ताव नं ३ माथि छलफल गर्दा यस मंगला गाउँपालिका अन्तर्गत स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य निरीक्षक श्री लेखनाथ रोकाले मिति २०८०/१०/१२ गते दिएको निवेदन अनुसार निजलाई गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११३ उपदफा (१) खण्ड ङ तथा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० तथा को नियम १०९ र ११२ बमोजिम घर बिदा र असाधारण बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ४.** प्रस्ताव नं ४ माथि छलफल गर्दा मंगला गाउँपालिका भएर बग्ने म्याग्दी नदी को किनारमा रहेका बिभीन्न घाटगद्दीमा संकलन भएको ढुङ्गा गिटि र बालुवाको बिक्री बितरण परियोजनको लागी प्रारम्भिक बाताबरणिय प्रतिबेदन (IEE) तयार गर्नको लागि यस कार्यालयबाट मिति २०८०।०७।२४ गतेका दिन RIDARC Nepal Pvt.Ltd नख्खु ललितपुरलाइ कार्यदेश दिएकोमा उक्त फर्मबाट मिति २०८०।०९।२३ गतेका दिन पेश भइ सोहि दिन बसेको यस गाउँपालिकाको कार्यपालिका बैठकले पारीत गरेको हो। पारीत भएको प्रतिबेदन माथि मिति २०८०।०९।२४ गते बसेको यस गाउँपालिकाको राजश्व परामर्श समितिको बैठकबाट सिफारीस भएको निर्णय अनुसार तपशिल बमोजिमको प्याकेजमा ठेक्का प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

| ठेक्का नं. | ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन गर्ने बगर | जम्मा परिमाण (घ.मि) | न्यूनतम ठेक्का रकम रु.(मू.अ. कर बाहेक) |
|---|---|---|---|
| MRM/SQ/R/P1/080-081 | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी ठेक्का जल्केनीघाट वडा नं ३ | 1612.80 | 512604.29 |
| MRM/SQ/R/P2/080-081 | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी ठेक्का कपासेघाट वडा नं २ र बान्द्रेघाट वडा नं ३ | 2976.00 | 945876.96 |
| MRM/SQ/R/P3/080-081 | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी ठेक्का तराखेतघाट र भाइवाङ घाट वडा नं २ | 1915.20 | 608717.59 |
| MRM/SQ/R/P4/080-081 | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्,बिक्री तथा व्यवस्थापन सम्वन्धी ठेक्का माथिल्लो पानाबगर घाट र तल्लो पानाबगर घाट वडा नं २ | 5468.00 | 1737921.78 |
| MRM/SQ/R/P5/080-081 | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्,बिक्री तथा व्यवस्थापन सम्वन्धी ठेक्का कुर्सिम्ला घाट वडा नं ५ | 1224.00 | 389030.04 |